महालेखा परीक्षकको कार्यालय

Office of the Auditor General

(युवा,खेलकूद तथा शिक्षा निर्देशनालय)

डोरमुकाम, मोरङ

अछाबे

Phone: 4258174
4266034
4255707
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu
NEPAL

पत्र संख्या: २०७४/७५
च.नं.५०

मिति: २०७४।११।११

विषय: <u>लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन</u> ।

श्री कार्यालय प्रमुख ज्यू
सुन्दरहरैचा नगरपालिकाको कार्यालय,
विराटचोक, मोरङ्ग ।

लेखापरीक्षण ऐन, २०४८ अनुसार त्यस नगरपालिकाको आर्थिक वर्ष २०७३।७४ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित पेस भएसम्मको लेखा र लेखासँग सम्बन्धित कागजपत्र परीक्षण गरी मिति २०७४।११।१० मा छलफल पश्चात् तयार गरिएको पाना १२ (बाह्र) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९(१) बमोजिम ३५ दिनभित्र फछ्यौंट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्यौंट गरी सम्परीक्षण नगराएमा ऐनको दफा १९(३) बमोजिम कारवाहीका लागि लेखाउत्तरदायी अधिकृतलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

<u>बोधार्थ तथा कार्यार्थ:</u>

श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,
सिंहदरवार, काठमाडौं:- प्रतिवेदन संलग्न छ ।
श्री जिल्ला समन्वय समितिको कार्यालय,
मोरङ :- प्रतिवेदन संलग्न छ ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
मोरङ :- प्रतिवेदन संलग्न छ ।

(मोहन कुमार पराजुली)
निर्देशक

सुन्दरहरैचा नगरपालिकाको कार्यालय
आर्थिक कारोबारको स्थिति
२०७३।७४

विवरण		नाम	कार्यरत अवधि		बेरुजू रकम
			देखि	सम्म	
सुन्दरहरैंचा नगरपालिकाको कार्यालय	कार्यालय प्रमुखः	कार्यकारी.अ.श्री भानुभक्त न्यौपाने	०७३।१२।	०७३।७।२१	३६४२३५०.२३
		कार्यकारी.अ.श्री गणेशराज कार्की	०७३।१२।	लगातार	
			०७३।१२।११	०७४।३।३०	
	लेखा प्रमुखः		०७३।४।१	०७३।७।१२	
		ले.पा.श्री	०७३।७।१३	०७३।१२।२९	
		ले.अ. श्री गुरु प्रसाद दाहाल	०७३।१२।	लगातार	
साविक सुन्दरदुलारी न.पा.	कार्यालय प्रमुख	का.प्र. श्री सुवर्ण घिमिरे	२०७३/०७/		
		का.प्र. श्री युवराज आचार्य	२०७३/०७/		
	लेखा प्रमुख	चन्द्रा डांगी	२०७३/०४/०१	२०७३/११/२७	
साविक कोशीहरैंचा न.पा.	कार्यालय प्रमुख	गणेशराज कार्की			
	लेखा प्रमुख	लेखापाल श्री दिपक राय			
		लेखापाल श्री राजन गुरागाइं	२०७३ कार्तिक	२०७४ फाल्गुण सम्म	

एकिकृत आय व्ययको विवरण

सुन्दर हरैचा नगरपालिका

आर्थिक वर्ष २०७३/७४

आयतर्फ	अनुसूची	रकम	रकम रु	व्ययतर्फ	अनुसूची	रकम	रकम रु
गतवर्षको मौज्दात							
साविक नगरपालिका				साविक नगरपालिका			
सुन्दर दुलारी (साविक) १		२.१९२.८९४.८७	९,०३१,६४७.८५	**सुन्दर दुलारी**			९७,७८५,४६३.५०
बिभिन्न कोष		२८०.२२५.६८		नगरपालिका अनुदान (३६५८०३३)		२८.९७५.४३७.०२	
धरौटी		६.५५८.५२७.३०		स्थानीय स्वयत्तशासन(३६५८१९३)		८५०.०००.००	
				नगर क्षेत्र पूर्वाधार कार्यक्रम(३६५८१७३)		५.१३५.६१८.७८	
कोशी हरैचा(साविक) २		८.५१४.१४५.८९	१०,७६४,२२९.०२	सामाजिक सुरक्षा कार्यक्रम(३६६५०१५३)		३२.०१६.८००.००	
बिभिन्न कोष		८५१.३०८.२३		आन्तरिक स्रोत तर्फको खर्च		३०.८०७.६०७.७०	
धरौटी		१.३९८.७७४.९०					७,३९३,४५४.५८
हालको नगरपालिका तर्फ				स्वास्थ्य कार्यकम खर्च		१३१.६७४.००	
नगरपालिका		३६.५२२.३०६.२५	५०,५८०,०५८.१५	कोषको खर्च		५५६.९८६.००	
कोषको मौज्दात		२.१२२.५४६.१६		धरौटी खर्च		६.७०४.७९४.५८	
धरौटीको बैंक मौज्दात		११.३२९.३९०.९९		**कोशी हरैचा**			८८,५२१,१९७.९७
धरौटीको नगद मौज्दात		६०५.८१४.७५		नगरपालिका अनुदान (३६५८०३३)		३९.४७६.५६४.१५	
				स्थानीय स्वयत्तशासन(३६५८१९३)		१.०३७.०००.००	
				नगर क्षेत्र पूर्वाधार कार्यक्रम(३६५८१७३)		१.४९१.३३९.००	
				सामाजिक सुरक्षा कार्यक्रम(३६६५०१५३)		३०.०६१.६००.००	
यो वर्षको आम्दानी				आन्तरिक स्रोत तर्फको खर्च		१६.४५४.६९४.८२	

साविक नगरपालिका							८२१,८६३.२०
सुन्दर दुलारी			६६,९७७,८५५.८०	कोषको खर्च		२५६,९५३.००	
नगर पालिका अनुदान (३६५८०३३)		२८,९७५,४३७.०२		धरौटी खर्च		३४१,५६९.२०	
स्थानीय स्वयत्तशासन(३६५८१९३)		८५०,०००.००		शहरी स्वास्थ्य कार्यकम		२२३,३४१.००	
नगर क्षेत्र पूर्वाधार कार्यक्रम(३६५८१७३)		५,१३५,६१८.७८		खर्च :			१३३,८९८,३९८.०५
सामाजिक सुरक्षा कार्यक्रम(३६६५०१५३)		३२,०१६,८००.००		नगरपालिका अनुदान (३६५८०३३)		४४,९४७,९९८.८३	
कोशी हरैचा			७२,०६६,५०३.१५	स्थानीय स्वयत्तशासन(३६५८१९३)		१,७७८,०००.००	
नगरपालिका अनुदान (३६५८०३३)		३९,४७६,५६४.१५		संघिय संरचना पूर्वाधार विकास (६०२११०३)		९,७३९,६५७.००	
स्थानीय स्वयत्तशासन(३६५८१९३)		१,०३७,०००.००		नगर क्षेत्र पूर्वाधार कार्यक्रम(३६५८१७३)		२२,१६७,०४२.२२	
नगर क्षेत्र पूर्वाधार कार्यक्रम(३६५८१७३)		१,४९१,३३९.००		सामाजिक सुरक्षा कार्यक्रम(३६६५०१५३)		५५,२६५,७००.००	
सामाजिक सुरक्षा कार्यक्रम(३६६५०१५३)		३०,०६१,६००.००					७,२१२,३३६.००
				नगर विकास कोष खर्च		५,४२२,६८४.००	
हालको नगरपालिकातर्फ			१३४,१५८,७४१.०५	शहरी स्वास्थ्य कार्यकम खर्च		५८९,६५२.००	
नगरपालिका अनुदान (३६५८०३३)		४४,९४७,९९८.८३		सडक बोर्ड		१,२००,०००.००	
स्थानीय स्वयत्तशासन(३६५८१९३)		१,७७८,०००.००		आन्तरिक स्रोत तर्फको खर्च			७५,९०७,०५९.०५
संघिय संरचना पूर्वाधार विकास (६०२११०३)		१०,०००,०००.००					१२,४१८,०९९.५९
नगर क्षेत्र पूर्वाधार कार्यक्रम(३६५८१७३)		२२,१६७,०४२.२२		कोषको खर्च			
सामाजिक सुरक्षा कार्यक्रम(३६६५०१५३)		५५,२६५,७००.००		धरौटी फिर्ता		४,६८३,८८२.५९	
				धरौटी सापटी		७,७३४,२१७.००	
आन्तरिक आय			६४,५९७,३४९.२४	बैंक मौज्दात			५०,५८४,३८३.२१

सुन्दरदुलारी		१८,३५२,६१८.९९		**सुन्दरदुलारी**		५,९४५,२५१.४५	
कोशीहरैचा		२४,३०५,६२४.३९		धरौटी		९,७०९,०८८.४४	
हालको नगरपालिका		२१,९३९,१०५.८६		कोष मौज्दात		६३४,१९०.९३	
अन्य आम्दानी			५९४२५८६१.१४	**कोशी हरैचा**		३०,५७७,०५४.८०	
सुन्दरदुलारी		१६,३३९,०१९.२९		धरौटी		२,२३६,०३९.२०	
कोशीहरैचा		१४,४३५,३२०.३४		नगद मौज्दात (धरौंटी)		-५,५९६.८४	
हालको नगरपालिका		२८६५१५२१.५१		कोष मौज्दात		१,४८८,३५५.२३	
कोषको आम्दानी			१,८०४,९५१.२५	**हालको नगरपालिका तर्फ**			४,२०२,४०८.३४
सुन्दरदुलारी		९१०,९५१.२५		बैंक मौज्दात		८७८,८२१.९०	
कोशीहरैचा		८९४,०००.००		कोष मौज्दात		२,१२२,५४६.१६	
हालको नगरपालिका				धरौटीको बैंक मौज्दात		१,०१६,७२८.०३	
धरौटीको आम्दानी			१२,७१२,५२६.५१	धरौटीको नगद मौज्दात		१८४,३१२.२५	३,३७५,०५९.६७
सुन्दरदुलारी		९,८५५,३५५.७२		नगद		३३१२२३०.६७	
कोशीहरैचा		१,१७३,२३६.६६		बैंक		६२८२९	
हालको नगरपालिका		१,६८३,९३४.१३					
जम्मा			४८२११९७२३.१६	जम्मा			४८२,११९,७२३.१६

लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

दफा नं.	भौचर नं., मिति र व्यहोरा
	परिचय : साविक सुन्दरदुलारी नगरपालिका र कोशीहरैचा नगरपालिकालाई एकीकृत गरि मिति २०७३/११/२८ मा सुन्दरहरैचा नगरपालिकाको गठन भएको हो । राज्य पुनसंरचना आयोगको सिफारिस अनुसार निर्णय भई ११०.१६ वर्ग किलो मिटर क्षेत्रफल रहेको तथा ८०,५६२ जनसंख्या यस न.पा. मा रहेको छ । यस नगरपालिकामा १९००५ घरधुरी रहेको छ । यस नगरपालिकाको कूल क्षेत्रफल मध्ये २० प्रतिशत वनक्षेत्र रहेको छ । यस नगरपालिकामा सहकारी संस्थाको संख्या १५० वटा रहेका छन । यस क्षेत्रमा ८७ प्रतिशत कृषि क्षेत्र र १३ प्रतिशत गैर कृषि क्षेत्र रहेको छ । जनघनत्व ७२९ जना प्रति वर्ग किलोमिटर रहेको छ । पुरुषको संख्या ३७,८६२ र .... .महिलाको संख्या रहेको छ । ११२२० घरधुरी जस्तापाताले छाएको छ । खरले छाएका घर २८६६ ढलान भएका ४५६७ रहेका छन । १६,५५२ घरपरिवारले विजुली बत्ति बाल्ने गरेका छन । ११.३९ प्रतिशत गोवर ग्यासको प्रयोग गरेका छन । सौचालय नभएका घरहरु भने छैन । ३५.७३ प्रतिशत अर्थात ६७९.२ घरपरिवारले विकसित चर्पी प्रयोग गरेका छन । ५२२२ घरपरिवारका महिलाको नाममा जग्गा रहेको छ । १०-१२ महिना खानापुग्ने परिवारको संख्या २६६० जना र आफूले उत्पादन गरि खाएर बेचविखन गरि परिवार पाल्ने परिवारका संख्या ४३५४ रहेको छ । यस नगरपालिका क्षेत्र भित्र ११ वटा शाखा कार्यालयहरु रहेका छन ।
१.	**संस्थागत शासन व्यवस्था, वित्तीय जवाफदेहिताको पालना** - आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन र तिनिहरूको पालना गरीएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ।सो सम्वन्धमा कार्यालयको वित्तीय जवाफदेहिता तथा उत्तरदायित्व पालनाको स्थिती मूल्याङ्कन गर्दा निम्नानुसार रहेको पाइयो: • कार्यालयको लक्ष्य तथा कार्यक्रमको बारेमा सेवाग्राहीसंग अन्तरक्रिया कार्य गर्ने गरेको छैन । • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरेको छैन । • अख्तियारी तथा कार्यक्रम स्वीकृतिको जानकारी समयमा प्राप्न भएको छैन । • बजेट निकासा समयमा भएको छैन । • कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी नदिएको, • शाखा/महाशाखाहरुले सञ्चालन गर्ने कार्यक्रमको बाँडफाँड गर्दा जनशक्तिको अभावले कार्यक्रम सञ्चालन गर्न पर्याप्त समय प्राप्त गरेको छैन । • नगरपालिका अन्तर्गत साविक नगरपालिकाहरुले जिन्सी निरीक्षण गरी जिन्सी सामान व्यवस्थित गर्नुपर्नेमा सो गरेको छैन । • सेवा प्रवाह प्रक्रिया वृद्ध तथा अपाङ्गमैत्री रहेको छैन । • सेवा प्रवाह सुधारको लागि इन्टरनेट वा वेभको माध्यमबाट वैकल्पिक व्यवस्था अपनाएको छैन । • सेवा प्रवाह प्रभावकारी बनाउन सेवाग्राहीसंग अन्तर्रक्रिया, घुम्ती सेवा, सार्वजनिक सुनुवाई लगायतका कार्य आंशिक रुपमा मात्र गर्ने गरेको देखियो । • सञ्चालित कार्यक्रमको तोकिएको समयमै अनुगमन मूल्याङ्कन गरी प्रतिवेदन आंशिक रुपमा

<table>
<tr><td></td><td>मात्र तयार गर्ने गरेको देखियो ।
प्रचलित नियममा भएका सवै व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहीतालाई सुदृढ वनाउन कार्यालयको ध्यान जान जरुरी देखिन्छ ।</td></tr>
<tr><td>२.</td><td>साविक सुन्दर दुलारी नगरपालिका तर्फ
चालु खर्च तर्फ- ४९/२०७३/०६/०६ वाट सुन्दरदुलारी न.पा. तर्फको वित्तिय विवरणमा कर्मचारी कल्याण कोषमा रकम जम्मा गरेको भौचर देखिदैन । त्यसैगरि साविक सुन्दर दुलारीवाट सुन्दरहरैचा नगरपालिकामा २०७३ फाल्गुण २८ देखि परिणत भए पछि पेश गरेको वित्तिय विवरणमा समेत कर्मचारी कल्याण कोषमा आयतर्फ रु.१,४७,६०५/- र व्यय तर्फ पनि त्यति नै रकम खर्च भएकोले उक्त रकम जम्मा भएको पुष्टि हुदैन तसर्थ छानविन गरी सम्वन्धित खातामा जम्मा गर्नुपर्ने-रु.१३,५१,०००/- देखिएको छ ।</td></tr>
<tr><td>३.</td><td>८४/२०७३/०६/३० वाट सवारीको लगवुक तथा खर्च भुक्तानीको आदेश वेगर खर्च लेख्न नपाइनेमा, सो वेगर डिजेल खर्च रु.४१,८४१/-र पेट्रोल खर्च १९,५८०/- गरि जम्मा खर्च ६१,४२१/- लेखेकोले सो को लगवुक पेश गर्नुपर्दछ ।</td></tr>
<tr><td>४.</td><td>अग्रिम आयकर : भौचर नं १९३/२०७३/११/२४ र २०४/२०७३/११/२७ वाट आयकर ऐन, २०५८ को दफा ९० (४) मा अग्रिम आयकर कट्टि गरिएको रकम महिना भुक्तान भएको २५ दिनभित्र दाखिला गर्नुपर्ने व्यवस्था छ । सो समेत नगरी एवं बैंक दाखिला प्रमाण पनि नराखि गो.भौ.नं.१९३ वाट सो नगरि एकैपटक एकमुष्ट रु. १,९२,४९२/८४ खर्च लेखेकोमा वैंक दाखिाला प्रमाण संलग्न गर्नुपर्दछ । त्यसैगरि गो.भौ.नं. २०४ वाट कर कट्टि गरेको भनि खर्च लेखेकोमा रु.२,२६,४३८/४४ को राजश्व खातामा दाखिला गरेको प्रमाण संलग्न रहेको छैन ।</td></tr>
<tr><td>५.</td><td>बिल भन्दा बढि खर्चः भौचर नं १८३/२०७३/११/०८ वाट विल अनुसार खर्च लेख्नुपर्नेमा रु. २०००/-को विल राखि रु.३०००/- खर्च लेखेकोमा रु. १०००/- असुल गर्नुपर्दछ ।</td></tr>
<tr><td>६.</td><td>पूजिगत तर्फ : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम (३) अनुसार विल भरपाई स्वीकृत सहित प्रमाणित गराई राख्नु पर्दछ । तर निम्न लिखित खर्चमा सो अनुसार स्वीकृती भएका बिल भरपाई नदेखिएकोमा नियमित गर्नुपर्ने देखिन्छ :
<table>
<tr><th>भौचर नं., मिति</th><th>विवरण</th><th>रकम रु.</th></tr>
<tr><td>७६/२०७३/०६/०९</td><td>गछिया प्रहरी चौकी इन्धन</td><td>१०,०००।-</td></tr>
<tr><td>०५/२०७३/०५/०८</td><td>अनिल ढुङ्गाना-सार्वजनिक निर्माण</td><td>१,३०,५००।-</td></tr>
<tr><td>०८/२०७३।०५।१०</td><td>नेपाल आर्किटेक कन्सल्टेन्सी</td><td>३,९२,३६८/५०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>५,३२,८६८।५०</td></tr>
</table>
४७/२०७३/०६/१७ वाट सार्वजनिक निर्माण अन्तर्गत विद्युत सुधार कार्यक्रम शिर्षकमा रु. ७,१७,१००।- प्राप्त भएकोमा बैंक नगदी कितावमा रु.४४,०००।- मात्र पोष्टिङ्ग भएकोले फरक रु.६,७३,१००/- छानविन गरि असुल हुनुपर्दछ ।</td></tr>
<tr><td>७.</td><td><u>धरौटी तर्फ</u> भौचर नं ७७/२०७३/११/२७ वाट अर्थिक कार्यविधि नियमावली २०६४ को नियम (३) अनुसार विल भरपाई स्वीकृत सहित प्रमाणित गराई राख्नु पर्दछ । तर धरौटी रकम कृषि विकास बैंक दाखिला गरिएको रु. ८६,७९१।४२ बैंक भौचर संलग्न गरेको देखिएन ।</td></tr>
<tr><td>८.</td><td>साविक कोशीहरैंचा नगरपालिका तर्फ:
चालु खर्च तर्फ-
१४।२०७३।०४।२७ आयकर ऐन, २०५८ तथा मु.अ.कर ऐन ले भ्याटमा दर्ता नभएका पार्टी वा संस्थालाई भुक्तानी गर्दा भुक्तानी रकमको १५% का दरले कर कट्टि गर्नुपर्ने नियम रहेकोमा सिलाई बुनाई तालिम केन्द्रलाई रु.५,२०,०००/- भुक्तानी १.५% का दरले रु.७८००।- मात्र कट्टि गरिएकोले घटी कर कट्टि गरेको रु. ७०,२००/- असूल गरी कर दाखिला गर्नुपर्दछ ।</td></tr>
<tr><td>९.</td><td>जर्नल भौचरको नियम अनुसार मितिको आधारमा गोश्वरा भौचर तयार गर्दा शिलशिलेवार ढंगले क्रमश भौचर नम्वर १,२,३ . . हुनुपर्नेमा चालु खर्च तर्फका कतिपय भौचरहरु चेक गर्दा भौचर</td></tr>
</table>

	नं.हरु तल माथि हुने गरेको पाइयो ।
१०.	**धरौटी तर्फ:** सेवा ग्राहीले राखेको धरौटी रकम फिर्ता गर्दा वा धरौटी वापत प्राप्त रकम बैंक दाखिला गर्दा भौचर नं. २/२०७३।४।०४ र ९/२०७३।०४।३२ कमश रकम रु.३००५/- र रु.११६५/- मा राखेको धरौटीको रसिद तथा बैंकमा दाखिला भएको बैंक भौचर विना भुक्तानी दिने तथा भौचर तयार गर्ने गरेको पाइयो ।
११.	**बिल भरपाई स्वीकृत नभएको:** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम (३) अनुसार बिल भरपाई स्वीकृत सहित प्रमाणित गराई राख्नु पर्दछ । तर न.पा.**ले** कतिपय बिल भरपाईको सम्वन्धित अधिकारीवाट स्वीकृत नगराई रकमको भुक्तानी दिने गरेको देखिन्छ । ०६।२०७३।०४।२४ -गो.भौ.नं. २४ वाट भगवत मार्ग निर्माण उपभोक्ता समितिलाई स्वीकृत नभएको बिलवाट रु.२,२४,०००।- भुक्तानी दिएको देखिन्छ ।
१२.	**सुन्दरहरैंचा नगरपालिका तर्फ:** **४/२०७३/१२/३०** - आयकर ऐन, २०५८ वमोजिम कुनै कर्मचारीले वर्ष भरिमा प्राप्त गरेको तलव, भत्ता अन्य जे सुकै सुविधा भत्ता भए पनि मासिक सबै सुविधालाई तलबमा हिसाव गरि नियम अनुसार १% सा.सु.कर तथा आयकर लाग्ने नियम भएकोमा : चैत्र महिनाको कर्मचारीको तलव भुक्तानी गर्दा वेसिक तलव र ग्रेड मात्र जोडी १% सा.सु कर कट्टि गरिएको तर मासिक थप कर्मचारी भत्तामा रु.१०००/- का दरले ११ जना कर्मचारीको (१०००x११) रु.११,०००/-को प्रति महिना १% का दरले हुने सा.सु कर रु. (११०x१२) रु.१३२०/-कट्टि गरिएको पाइएन । यसलाई नियम अनुसार हिसाव गरि सा.सु. कर बुझाउनु पर्ने देखिन्छ ।
१३.	स्थानीय निकाय आ.प्र. नियमावली, २०६४ को दफा १३५ को उपदफा (१) वमोजिम रु.१ करोड भन्दा बढि वार्षिक आन्तरिक आय हुने नगरपालिकाले अधिकृत स्तरको कर्मचारी सहित आन्तरिक लेखापरीक्षण शाखा खडा गरी आन्तरिक लेखापरीक्षण गर्नुपर्नेमा सोको व्यवस्था गरेको देखिएन ।
१४.	आर्थिक कार्यविधि ऐन २०५५ को दफा (१) ।न जिम्मेवार व्यक्तिले आफ्नो जिम्मा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाको आषाढ मसान्तमा धरौटी तर्फको नगद मौज्दात रु.१,८४,३१२.२५ सहित जम्मा रु.३४,९६,५४२/९२ विवरणवाट देखिएको रकम २०७४।४।४ र २०७४।४।५ मा जम्मा गरेको देखियो । नियमको व्यवस्था अनुसार दाखिला गर्नुपर्दछ ।
१५.	स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ को नियम ३९ बमोजिम नगरपालिकाले उक्त नियममा उल्लेख भए बमोजिमको श्रेस्ताहरु उल्लेखित ढाँचाहरुमा तयार गर्नुपर्ने र अनुसूची ३० बमोजिमको वासलात समेत तयार गर्नुपर्नेमा तदनुसार वासलात तयार गरेको पाइएन ।
१६.	भौचर नं ४२९।०७४।३।३० बाट राष्ट्रिय अपाङ्ग महासंघ कोशी हरैचा नगरकमिटि मोरङको २०७४।१।१९ को सम्झौता अनुसार रु ३५२४००।०० मा वाखा पालन ,वंगुर पालन सम्वन्धी १ दिने तालिम संचालन गरी कर कट्टी रु ५२८।० गरी रु ३५१८७२।०० भुक्तानी गरेकोमा ३० जनालाई आय आर्जन गर्न दिएको रकम मध्ये वाखा पालनको लागि २० जनालाई प्रति व्यक्ति १००००।०० ले रु २०००००।०० , वंगुर पालनको लागि १० जनालाई रु १०००००।०० समेत रु ३०००००।०० भुक्तानी गरेकोमा हाजिरको प्रतिलिपि अध्ययन गर्दा अधिकांशको उपस्थिति देखिएन । साथै यसरी आय आर्जनको लागि दिएको अनुदानको अभिलेख राखी अनुगमन मूल्यांकन गर्नुपर्ने देखिएको छ ।
१७.	भौचर नं ४३०।०७४।३।३० वाट ३ महिने सिलाई कटाई तालिम संचालन गर्न स्वीकृत गर्ने र तालिमबाट प्राप्त उपलब्धिको अनुगमन निरीक्षण र अभिलेख समेत राखी सिलाई कटाई तालिम उपभोक्ता समितिलाई रु ३०००००।०० खर्च लेखेको मध्ये अग्रिम कर रु २४५९।०० बहाल कर रु २७००।०० ,पारिश्रमिक कर रु २०२५०।०० कट्टा गरी रु २७५५९१।०० भुक्तानी गरेकोमा कामको विस्तृत विवरण सहित प्रस्ताव प्राप्त गरी स्वीकृत भए मुताविक कार्यक्रम संचालन

	गर्नुपर्ने र तालिम संचालन पश्चात अभिलेख राखी निश्चित समयको अन्तरालमा तालिमको प्रभावकारिताको अनुगमन मूल्यांकन गर्नुपर्नेमा तदनुसार नगरी तामिलकै अवधिमा मात्र अनुगमन हुने कार्यबाट ठोस उपलब्धी हुन नसक्ने भएकोले तालिम प्राप्त व्यक्तिहरुको अभिलेख व्यवस्थित गरी निरन्तर अनुगमन गर्नुपर्ने देखिएको छ ।
१८.	धरौटी भनेको तिर्नुपर्ने दायित्व भएकोले यसबाट खर्च गर्न मिल्दैन । तर यो वर्ष धरौटीबाट पटक पटक गरी रु ७४५७३१९।०० ल्याई खर्च गरेको देखिएकोले यथाशिघ्र धरौटी रकम फिर्ता गरी स्रेस्ता अद्यावधिक गर्नुपर्दछ ।
१९.	भौचर नं ४४६।०७४।३।३० बाट साविक सुन्दर दुलारी नगरपालिकाको कार्यालय भवन निर्माणको लागि भ्याट समेत रु ११७११५११।३७ लागत अनुमान भएकोमा सबैभन्दा घटी पेश गर्ने वि पि कन्स्ट्रक्सन शाह निर्माण सेवा जे भी सँग भएको रु ९४९६६८८५।११ सम्झौता अनुसार २०७४।२।१५ मा कार्य सम्पन्न गर्ने उल्लेख गरी सम्झौता गरेकोमा देहाय अनुसारका व्यहोरा देखिन आयो । (क) सम्झौता कागजातमा २८ मार्ग २०७३ उल्लेख छ भने सम्झौता गर्न आउने पत्र २०७३।१०।२६ उल्लेख गरेको छ । (ख) सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ को नियम १२५ अनुसार कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ । (ग) परफरमेन्सको म्याद एक वर्ष भन्दा एक महिना बढी हुनुपर्नेमा सार्वजनिक खरिद नियमावली को व्यवस्था भएकोले तदनुसारको परफरमेन्स वण्ड पेश हुनुपर्दछ ।
२०.	भौचर नं ४५९।०७४।३।८ बाट : आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६को उपनियम ३ अनुसार विल भर्पाई वेगर खर्च गर्नु हुदैन । तर रु ४१४७९१।०० विल भर्पाइ वेगर खर्च लेखेको देखियो । यस सम्वन्धमा सोधनी हुदा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा छानविनको लागि पठाएको भन्ने बुझियो ।
२१.	भौचर नं ४४५।०७४।३।३० बाट लागत अनुमान ५३८२०००।०० भएको सौर्य सडक बति पोल सहित सम्पूर्ण जडान समेत ४० स्थानमा जडान गर्न कृष्ण गृल एण्ड ईञ्जिनियरिङ्ग वर्ड प्रा लि सँग २०७४ चैत्र मसान्त सम्ममा जडान गरिसक्नुपर्ने गरी रु ४५३२७६०।०० मा २०७२।१२।१ मा सम्झौता भएकोमा परीक्षण गर्दा देहाय अनुसार देखियो । (क)स्पेसिफिकेसन अनुसारको गुणस्तरयुक्त छ भन्ने प्रमाण पेश भएन । (ख) सार्वजनिक खरिद नियमावली २०६४ अनुसार वारेण्टी अवधि भन्दा १ महिना पछिसम्मको कार्यसम्पादन जमानत हुनुपर्नेमा ५ वर्षको वारेण्टी अवधि उल्लेख गरेकोले सो अनुसारको जमानत पेश भएन ।तसर्थ ५ वर्ष १ महिनाको अवधि उल्लेख भएको कार्य सम्पादन जमानत पेश हुनुपर्दछ । यस्तै प्रकारको खरिद प्रकिया अन्य खर्च शीर्षकबाट भएमा सो समेत यसै अनुसार आवश्यक व्यवस्था हुनुपर्ने देखिन्छ ।
२२.	**जिन्सी खाता र मालसामानको भौतिक निरीक्षण** नगरपालिकाको जिन्सी खातामा निम्न कमि कमजोरी पाइयो क) जिन्सी खातामा केहि वर्ष अघि सम्म खरिद गरिएको मालसामानको विवरण उल्लेख भएतापनि नगरपालिकामा रहेका सम्पूर्ण मालसामानको विवरण उल्लेख नभएको पाइयो । ख) खातामा कुन मालसामान कसको जिम्मेवारीमा रहेको उल्लेख नभएको पाइयो । ग) मालसामानलाई छुट्टाछुट्टै कोड दिएर जिन्सी खातामा हरेक मालसामानको कोड उल्लेख हुनुपर्नेमा सो भएको पाइएन
२३.	**उपभोक्ता समितिबाट भएको कार्यः** उपभोक्ता समितिबाट काम गराउदा स्थानीय निकाय आर्थक प्रशासन नियमावली २०६४ को नियम १५५ बमोजिम कार्य नभएको व्यहोरा देहाय बमोजिम छन : उपनियम(१) बमोजिम उपभोक्ता समितिलाई विषयगतरुपमा वर्गीकरण र सूचीकृत गरि लगत

अध्यावधिक गर्नुपर्नेमा गरिएको छैन । कालोपत्रे सडक र ब्रिज जस्ता कार्य संचालन तथा मर्मत संभार उपभोक्ताले मात्र नगरि नगर र उपभोक्ताको साझेदारीमा मात्र कार्य भएको देखियो ।

२४. **बेरुजु अभिलेख र फछ्र्यौटः** संघीय मामिला तथा स्थानीय विकास मंत्रालयको प.सं.२०७३/०७४ च.नं.३/४७९ मिति २०७३/१२/२५ को आर्थिक कारोवार तथा खाता संचालन सम्वन्धमा थप स्पष्ट गरिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको गाउँपालिका वा नगरपालिकामा कायम गरि नियमनुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्दछ ।

२५. **चालु खर्च तर्फः** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि बमोजिम स्थानीय निकायको कोषवाट कुनै पनि प्रकारको तलव, भत्ता, दैनिक तथा भ्रमण भत्ता र कर्मचारी एवम राजनैतिक पदाधिकारी वा व्यक्तिको पारिश्रमीक तथा कर्मचारी सेवा निवृत्त हुँदा दिइने सुविधा सम्वन्धित खर्चहरु मध्ये भ्रमण भत्ता अभिलेख तयार गरेको छैन ।

२६. नगरपालिकाले घर नक्सा पासको धरौटी खातामा आम्दानी वाँधी फिर्ताको बखत धरौटी खातामा नै खर्च जनाई फिर्ता दिनुपर्नेमा विगत वर्षहरुको घर नक्सा पासको धरौटी आन्तरिक श्रोत तथा विविध आम्दानी खातामा आम्दानी वाँधी चालु खर्च खातावाट फिर्ता दिने गरेको पाइयो ।

२७. मर्मत सम्वन्धमा कार्यालयवाट सवारी साधनको मर्मत खर्च भुक्तानी गर्दा वा नयाँ सामान फेर्दा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३९ को १ को खण्ड (ङ)संग सम्वन्धित अनुसूची ४६ चल्ती मेशिन वा सवारीको किताव प्रमाणित गराईराख्नु पर्नेमा सो गरेको पाइएन ।

२८. आर्थिक वर्षको अन्त्यसम्म फछ्र्यौट हुन बाकी निम्नानुसारका पेश्की रकम असूल फछ्र्यौट हुनुपर्दछ ।

क.सं.	नाम	पेश्की बाँकी रकम
१	अन्तराम चौधरी	४,५००।००
२	रुद्ध प्रसाद पोखरेल	४,६००।००
३	पुसनलाल चौधरी	६,०००।००
४	डग्रा गाविस	१०,०००।००
५	चन्द्रमणि भट्टराई	७,०००।००
६	पंचायत मा.वि.	५०,०००।००
७	ललित सुब्बा	४,५००।००
८	सन्त कुमार घिमिरे	२०,०००।००
९	खोज बहादुर कार्की	१२,०००।००
१०	हात्तिमुडा गाविस	३०,०००।००
११	कदमलाल उराव	६,०००।००

१२	तिलराम चौधरी	१,९००।००
१३	लिला प्रसाद पोखरेल	४,९००।००
१४	किरण लिम्बु	५,०००।००
१५	खडानन्द चौधरी	२५,०००।००
१६	विवेक चौधरी	१०,०००।००
१७	शिव ढकाल	१०,०००।००
१८	बलराम लामिछाने	१०,०००।००
१९	भोगेन्द्र रिजाल	२०,०००।००
२०	युवा विकास क्लब	५,०००।००
२१	भोला भट्टराई	१०,०००।००
२२	गणेश प्रसाद ढुङ्गाना	८,०००।००
२३	कानुन चौधरी	२१,५००।००
२४	मोहन ढकाल	३०,०००।००
२५	हरि नारायण चौधरी	६०,०००।००
२६	वासुदेव कोइरालाल	४,०००।००
२७	टपरलाल चौधरी	५,०००।००
२८	राजेन्द्र चौधरी	२५,०००।००
	कूल जम्मा	४०९,९००।००

२९. **जिन्सी सामानको संरक्षण एवं हस्तान्तरण** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५१ मा सरकारी जिन्सी सामान हानि नोक्सानी नहुने गरी संरक्षण गर्ने दायित्व कार्यालय प्रमुखको हुने उल्लेख छ । यसै गरी नियम ३३(२) मा कुनै कार्यालय खारेज वा गाभ्ने निर्णय भएको पैंतीसौं दिनमा कार्यालय खारेज भएको मानिने र गाभिएको ३५ दिनभित्र जिन्सी सामानको प्रतिवेदन तयार गरी वा गर्न लगाई मन्त्रालय वा विभागले त्यस्तो सामान लिने दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ ।

नेपाल सरकारले २०७३।११।२७ गते देखि साविकका नगरपालिकारुलाई नयाँ संरचना अनुसार सुन्दरहरैंचा गाभ्ने निर्णय भएको र आर्थिक कारोबार हस्तान्तरण गर्न लगाएकोमा घर, जग्गा, मोटर, मोटरसाइकल, टेलिभिजन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, दराज, सोफा लगायत विभिन्न किसिमका जिन्सी सामानको लगत तयार गरी हस्तान्तरण गर्न लगाएको देखिएन ।

जिन्सी सामान हस्तान्तरण हुन नसक्दा लगत गोलमाल हुन सक्ने, सामानको दुरुपयोग हुन सक्ने र सामान हराउन सक्ने सम्भावना रहेको देखिंदा अविलम्ब निम्नानुसार नगरपालिकामा रहेका सम्पूर्ण जिन्सी सामान लगत खडा गरी हाल गाभिएको नगरपालिका वा मन्त्रालयले तोकेको सरकारी निकायमा दाखिला गर्नुपर्ने देखिन्छ ।

क.सं.	साविकका नगरपालिका	नगरपालिका गाभिएको नगरपालिका
१.	साविक सुन्दरदुलारी नगरपालिका	सुन्दरहरैंचा नगरपालिका
२.	साविक कोशीहरैंचा नगरपालिका	

३०. **आ.ले.प. प्रतिवेदनले देखाएको बेरुजु हाल सम्म फछ्र्यौट नभएको :**

क) मिति २०७३/०६/०२ मा भौचर नं. ३६ बाट कर्मचारीलाई दशै खर्च उपलब्ध गराउदा खर्च रकम रु. ३,६७,०८७/- को नियम अनुसार १% ले कट्टि गर्नुपर्ने सा.सु. कर रु. ३,७६०.८७ कर कट्टि नगरिएको पाइयो । उक्त रकम सम्वन्धित पक्षबाट असुल गरि आ.रा.का. दाखिला गर्नुपर्ने देखिन्छ ।

ख) आ.ले.प प्रतिवेदनले देखाएको मिति २०७३/११/०२ को भौचरमा देखिएको बेरुजु रकम रु.५५०।- को भौचर नं. २०८ भौचर तथा बैक नगदी कितावमा देखिएन ।

स्रोत उपयोग र उपलब्धिको विवरण

(हाल कायम भएको नगपालिकामा प्रयोग गर्ने)

क.सं.	स्रोत		मुख्य उपलब्धिहरु	
१	यस वर्षको आम्दानी		बजेट खर्च	
२	कर्मचारी संख्या		जि.वि.स.फिर्ता	
३	भौतिक पूर्वाधार:		बाँकी	
	• भवन संख्या		कार्यक्रम उपलब्धि	
	• सवारी साधन संख्या ▪ मोटरसाइकल		• पञ्जिकरण कार्य, सिफारिस • सामाजिक सुरक्षा भत्ता वितरण, वृद्ध सम्मान	

बेरुजू वर्गीकरण

क.सं.	बेरुजू वर्गीकरण	दफा नं.	रकम
१	असुल गर्नुपर्ने	५,५.१,८,१२,३०,३०.१	७४९९३०.८७
२	नियमित गर्नुपर्ने		०
	• अनियमित भएको		०
	• प्रमाण कागजात पेस नभएको	२,३,४,६,७,११	२४८२५१९.३६
	• जिम्मेवारी नसारेको		०
	• शोधभर्ना नलिएको		०
३	पेश्की:	२८	०
	• कर्मचारी		४०९९००
	• मोबिलाइजेसन		०
	• संस्थागत		०
४	सैद्धान्तिक	१,९,१०,१३,१४,१५,१६,१७,१८,१९,२०,२१,२२,२३,२४,२५,२६,२७,२९	०
	जम्मा:		३६४२३५०.२३